त्रिभुवन विश्वविद्यालय

परीक्षा नियन्त्रण कार्यालय,बल्खु

## स्नातकोत्तर तह दोस्रो वर्षको प्राइभेट आँशिक परीक्षा दिने परीक्षार्थीहरुका लागि परीक्षा आवेदन फारम भर्ने सूचना

त्रिभुवन विश्वविद्यालय ,परीक्षा नियन्त्रण कार्यालय, बल्खुद्वारा वार्षिक परीक्षा प्रणाली अनुसार २०८० को २०८१ सालमा सचांलन हुने स्नातकोत्तर तह दोस्रो वर्षको परीक्षा दिने **मानविकी र व्यवस्थापन संकाय तर्फका (एम.पी.ए. ,एम.वि.एस.) प्राइभेट आँशिक** परीक्षार्थीहरुले मिति २०८१ साल श्रावण १३ गते देखि २०८१ साल भाद्र १ गते सम्ममा नियमित दस्तुर र साधारण म्याद सकिएको एक हप्ता भित्र दोव्वर दस्तुर सहित आवेदन फारम भरि त्रि.वि.प.नि.का.,बल्खु र संवन्धित क्षे.प.नि.का.हरुमा बुझाउन हुन सम्बन्धित सवैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

**१) परीक्षा आवेदन फारम सम्बन्धमा :-**

क) परीक्षा आवेदन फारम स्वयं विद्यार्थीले भरि सबै प्रक्रिया पुर्‍याइ आफैले सम्वन्धित कार्यालयमा बुझाउनुपर्नेछ । यसमा अन्यथा हुन गएमा त्रि.वि.प.नि.का. जवाफदेही हुने छैन ।

ख) स्नातकोत्तर तह २०७५ सालमा प्रथम पटक प्रथम वर्षको परीक्षा दिएकाहरुका लागि यो अन्तिम पटकको परीक्षा हुनेछ ।

ग) सबै परीक्षार्थीहरुले परीक्षा आवेदन फारम माथि अघिल्लो पटकको रो.नं.अनिवार्यरुपमा उल्लेख गर्नुपर्नेछ ।

घ) परीक्षा आवेदन फारम भर्नको लागि हालसालै खिचेको (साधारण पोसाकमा ) पासपोर्ट साइजको २ प्रति फोटो आवश्यक पर्नेछ ।

ङ) परीक्षा संचालन अवधि सम्म प्रवेशपत्रको प्रतिलिपि लिन परेमा परीक्षा आवेदन फारममा प्रयोग भए अनुसारको फोटो नै पेश गर्नुपर्नेछ ।

Tribhuvan University
Office of the Controller of Examinations
Balkhu, Kathmandu

**२) परीक्षा शुल्क सम्वन्धमा:-**

| | |
|---|---|
| क) **प्राइभेट** आँशिक परीक्षार्थीका लागि खण्ड शुल्क | रु ११२५/- |
| ख) परीक्षा आवेदन फारम शुल्क | रु ६५/- |
| ग) परीक्षा केन्द्र शुल्क प्रति खण्ड | रु ११०/- |
| घ ) प्रयोगात्मक परीक्षा प्रति खण्ड विषयका लागि शुल्क | रु १७५/- |
| ङ) दुइ वा सोभन्दा बढी विषयका लागि प्रयोगत्मक परीक्षा शुल्क | रु ३२५/- |
| च) फिल्ड वर्क, टर्म पेपर र प्रोजेक्ट वर्क शुल्क | रु ३२५/- |

**३) परीक्षा शुल्क बुझाउने सम्वन्धमा:-**

**क)** काठ्माण्डौ उपत्यका भित्रका परीक्षार्थीहरुले त्रि.वि.कीर्तिपुर/बल्खु परिसर भित्र रहेका ग्लोवल आई.एम.ई.वैंक लिमिटेडको आम्दानी खाता नं. ०५०१०१००००५०० मा अथवा नेपाल वैंक लिमिटेड आम्दानी खाता नं. ०४५००१०००९९१०८००००१ मा परीक्षा सम्वन्धी शुल्कहरु जम्मा गरी प.नि.का.को नाममा रकम जम्मा गरेको वैंक भौचर सहित फारम कार्यालयमा पेश गर्नुपर्नेछ ।

**ख)** काठ्माण्डौ उपत्यका बाहिरका परीक्षार्थीहरुले बल्खु स्थित नेपाल वैंक लिमिटेड अथवा ग्लोवल आई.एम.ई.वैंक लिमिटेडको बल्खु शाखावाट अथवा काठमाण्डौ उपत्यका भित्रका कुनै पनि बैंकबाट भुक्तानी पाउने गरी त्रि.बि.परीक्षा नियन्त्रण कार्यालयको नाममा बैंक भौचर वनाई फारम साथै पेश गर्नु पर्नेछ ।

ग) क्षे.प.नि.का.विराटनगर अर्न्तगतका परीक्षार्थीहरुले परीक्षा संम्वन्धि सम्पूर्ण शुल्क त्रि.बि.क्षे.पी.प.नि.का. कार्यालय विराटनगर च.हि.नं.१०४००१००९२२१२००००००१ नेपाल वैंक लिमिटेड त्रिभुवन चोक, बजार अड्डा शाखा, विराटनगरमा रकम बुझाएस्को वैंक भौचर परीक्षा आवेदन फारम साथै अनिवार्य रुपमामा पेश गर्नुपर्नेछ ।

घ) क्षे.प.नि.का.पोखरा क्षेत्रका अर्न्तगतका परीक्षार्थीहरुले परीक्षा सम्वन्धी सम्पूर्ण शुल्क त्रि.वि.क्षेत्रीय परीक्षा नियन्त्रण कार्यालय, पोखराको च.हि.नं. ०९१००१०११०१३४००००१ नेपाल बैंक लिमिटेड बगर शाखा, पोखरामा परीक्षा सम्वन्धी शुल्कहरु जम्मा गरेको भौचर सहित परीक्षा फारम पेश गर्नुपर्नेछ ।

ङ) क्षे.प.नि.का.अत्तरियाको हकमा काठ्माण्डौ बि.त्र.बि.प.नि.का.बल्खु परीसरमा रहेको ग्लोवल आई.एमी.वैक लिमिटेडको आम्दानी खाता नं.०४५१०१००००५०० मा अथवा नेपाल बैंक लिमिटेड आम्दानी खाता नं. ०४५००१०००९९१०८०००० मा परीक्षा सम्वन्धी शुल्कहरु जम्मा गरेको भौचर सहित परीक्षा फारम पेश गर्नुपर्नेछ ।

च) सवै परीक्षार्थीहरुको परीक्षा केन्द्र काठ्माण्डौमा मात्र कायम रहने व्यहोरा सूचित गरिन्छ ।

परीक्षा नियन्त्रक